# राइनास नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
तीनपिप्ले, लमजुङ
४ नं. प्रदेश, नेपाल

Website:www.rainasmun.gov.np

प.सं. २०७४/०७५ मिति: २०७४/०५/१६

चलानी नं. ११५

**विषय: घर नक्सा अभिलेखिकरण र निर्माणका लागि स्वीकृत गर्ने सम्वन्धमा।**

श्री सवै (१०) वडा कार्यालय
राइनास नगरपालिका।

प्रस्तुत विषयमा यस नगरपालिकाको मिति २०७४।५।१५ गते वसेको नगर कार्यापालिकाको बैठकले यस नगरपालिका भित्र साविक देखि नै वनेका घरहरु र निर्माण गरिने घरहरु सम्वन्धमा तपसिल बमोजिम घर नक्साको अभिलेखिकरण गर्न तथा नया घर निर्माण मापदण्डका आधारमा अनुमति दिने नर्णय गरेको व्यहोरा जानकारीको लागि अनुरोध छ।

**तपसिल**

१. यस नगरपालिका भित्र रहेका हालसम्म नक्सा पास नगरी बनाईएका घर टहराहरुको संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको परिपत्र अनुसार मिति २०७४ फागुन २६ गते सम्म अभिलेखिकरण गर्ने।
२. राष्ट्रिय सडक मापदण्ड र नगर यातायात गुरुयोजना (MTMP) मा. तोकिएका सडकबाटोको सडक अधिकार क्षेत्र कटाएर मात्र अभिलेखिकरण गर्ने।
३. २.५ आना क्षेत्रफल भन्दा थोरै क्षेत्रफल भएका जग्गामा पुराना घरहरु भत्काइ नया गाह्रोवाला (Load Bearing) घरहरु बनाउन दिने तर RCC Pillar वाला घरहरु बनाउन नदिने।
४. बाटो र व्यक्तिको जग्गाको वीचमा सार्वजनिक जग्गा पर्न आउनेको हकमा वस्ती विकास शहरी योजना तथा भवन निर्माण सम्वन्धी आधारभूत निर्माण मापदण्ड, २०७२ मा तोकिएको निश्चित सेट व्याक छोडेर मात्र घर बनाउन दिने।
५. १५० मिटर भन्दा कम लम्वाईको गोरेटो बाटोको हकमा गोरेटोको बीचबाट १.५ मिटर सडक अधिकार क्षेत्र र १ मिटर सेट व्याक छोडेर मात्र घर नक्सा पास गर्ने।
६. अव उप्रान्त घर नक्सा पास नगरी / नगरपालिकाको सिफारिश नलिई घर टहरा बनाएमा नगरपालिकाले तोकेको शुल्कको तीन गुण जरिवाना लिने।
७. नगर कार्यपालिका कार्यालयले प्रत्येक हप्ताको आइतावार मात्र घर नक्सा सम्वन्धी कार्य गर्ने।
८. राष्ट्रिय सडक मापदण्डले तोकिएका सडकबाटोको सडक अधिकार क्षेत्र निम्न वमोजिम रहेको छ।

| क्र.सं. | सडकको विवरण | सडकको अधिकार क्षेत्र | सेट व्याक | कैफियत |
|---|---|---|---|---|
| १ | राष्ट्रिय सडक | २५/२५ मिटर | ६/६ मिटर | |
| २ | जिल्ला सडक | १०/१० मिटर | ६/६ मिटर | |
| ३ | नगर यातायात गुरु योजनाको सडक | | | १५० मिटर भन्दा कम लम्वाईको सडक नगर यातायात गुरु योजनामा समावेश गरिएको छैन। |
| क | A वर्गको सडक | ७/७ मिटर | ४/४ मिटर | |
| ख | B वर्गको सडक | ५/५ मिटर | ३/३ मिटर | |
| ग | C वर्गको सडक | ४/४ मिटर | २/२ मिटर | |
| घ | D वर्गको सडक | ३/३ मिटर | २/२ मिटर | |

देव बहादुर अधिकारी